आधा अक्षर 'त्'

# हात्तीको जुत्ता



राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम


नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# हात्तीको जुत्ता

लेखक : प्रभा भट्टराई

चित्र : सुमन महर्जन

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

संस्करण : २०७४

रुम टु रिडले विकसित गरेको यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा प्रकाशन भएको हो। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन्। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ।

सानो हात्ती हुत्त हुत्तियो ।
त्यहाँ ठुलो पत्थर थियो ।



पत्थरमा ठोक्किएर हात्तीलाई घाउ भयो ।



हात्तीले पत्थरमा लात्ती हान्यो ।
त्यसको घाउ भतभत पोल्यो ।



आमा हात्ती फुत्त आई ।
त्यसले तत्काल अस्पताल लगी ।



डाक्टरले जुत्ता लगाऊ भने।
हात्तीलाई जुत्ता! भनेर आमा
हात्ती भुतभुताई।



हात्ती जुत्ता किन्न गयो ।
भित्तामा जुत्ता झुन्डिएका थिए ।



हात्तीले जुत्ता थुत्त थुत्यो ।
त्यो सुलुत्त परेको थियो ।



हात्तीलाई जुत्ता मिलेन ।
कति बित्ताको जुत्ता ? भनेर
पसलेले भन्यो ।



हात्ती त्यहाँबाट फर्कियो ।
कोठामा गई बत्ती बाल्यो ।



भित्ताछेउ बाकस थियो। बाकस रित्तो थिएन।



बाकसमा ठूलो जुत्ता थियो ।
हात्तीलाई खुसमा पत्यार लागेन ।



आज हात्तीको जन्म उत्सव रहेछ।
जुत्ता आमा हात्तीको कोसेली थियो।



मुख्य शब्दहरू :

हात्ती हुत्त पत्थर लात्ती फुत्त
तत्काल अस्पताल भित्ता
थुत्त सुलुत्त बित्ता बत्ती
रित्तो पत्यार उत्सव

ट

# हात्तीको जुत्ता

अक्षर चिनेर सही र स्वतस्फूर्त रूपमा उच्चारण गर्न बालबालिकालाई सहयोग गर्ने यी विसङ्केतन पाठ (Decodable Readers) प्रकाशनमा ल्याउन पाउँदा हामी खुसी छौँ । बालबालिकालाई सहज रूपमा पढ्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हो । कथासहितका यी किताबका शृङ्खला पढेर बालबालिकाले रमाइलो मान्ने छन् । उनीहरू अरूको सहयोगविना सही उच्चारण गर्न सक्षम पनि हुने छन् । समग्रमा यी अध्ययन सामग्री नेपाली वर्णमालाका वर्ण तथा मात्राहरूलाई क्रमिक रूपमा सहज ढङ्गले चिनाउन उपयोगी हुने छ र यसले बालबालिकाको पढ्ने सिपको विकासमा मदत पुऱ्याउने छ ।

## शिक्षकलाई निर्देशन :

१. सम्बन्धित आधा अक्षरको चिनारीपछि प्रत्येक बालबालिकालाई यो अध्ययन सामग्री पढ्न दिनुहोस् ।

२. बालबालिकाले पढिरहेको बेलामा शिक्षकले अवलोकन गर्नुहोस् । धेरै जसो बालबालिका कुनै शब्दमा अडिएका छन् वा उनीहरूलाई पढ्न गारो भएको छ भने ती शब्दलाई टिपेर राख्नुहोस् ।

३. गारो मानिएका शब्दका बनोट बालबालिकालाई राम्ररी बुझाएर ती शब्द पटक पटक उच्चारण गरिदिनुहोस् । बालबालिकालाई पनि ती शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।